राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके
प्रदेश नं ५, नेपाल

परामर्श सेवामा जनशक्ति उपलव्ध गराउने शिलवन्दी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७६/११/१७ गते**

यस राप्ती सोनारी गाउपालिकाको क्षेत्रभित्र IEE गरेका विभिन्न खोला तथा नदीहरु वाट नदी जन्य पदार्थको व्यवस्थापन कार्यालयले सोझै संचालन गर्न लागेकोले विभिन्न घाटगद्दी र तोकिएको स्थानमा रहि नदी जन्य पदार्थको विक्री वितरण तथा चोरी निकासी नियन्त्रण गर्नलाइ योग्य जनशक्ती आवश्यक परेकोले उक्त जनशक्ती उपलव्ध गराउन सक्ने प्रचलित कानून वमोजिम अनुमति प्राप्त गरेका सेक्युरिटी फर्म वा कम्पनीहरुवाट तपशिलको शर्तमा १४ जना जनशक्तीहरु यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र घटाघटको शिलवन्दी आर्थिक प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

१. फर्म वा कम्पनीहरुले आफुले उपलव्ध गराउने जनशक्तीहरु नेपाली सुरक्षा निकायहरुवाट सेवा निवृत भएको हुनुपर्ने छ ।
२. सेवा परामर्श उपलव्ध गराउने फर्म वा कम्पनीले जनशक्ती तथा सेवाको आर्थिक प्रस्ताव प्रति व्यक्ती प्रति महिना भ्याट सहित रु.२७०००.०० भन्दा घटी हुनु पर्ने छ र कवोल कुल रकमको ५ प्रतिशत नगद धरौटी यस गाउपालिकाको हिमालयन वैक लिमिटेड शमशेरगंज शाखामा रहेको धरौटी खाता नं.०५२०७५४०५१००१४ मा सक्कल वैक भौचर वा क वर्गको वाणिज्य वैकको असार मसान्त सम्म म्याद भएको वैक जमानत सक्कल प्रति प्रस्ताव साथ अनिवार्य पेश गर्नुपर्ने छ ।
३. फर्म वा कम्पनीहरुले सम्भव भए सम्म राप्ती सोनारी गाउपालिका भित्रका वासिन्दालाइ प्राथमिकता दिइ जनशक्ती छनौट गर्नुपर्ने छ ।
४. २०७७ साल जेष्ठ मसान्त सम्म प्रस्ताव दाताले सेवा उपलव्ध गराउनुपर्ने छ ।विचमा छोडेमा गाउपालिकालाइ हुने क्षति कम्पनिले व्यहोर्नु पर्ने छ र उक्त कम्पनीलाई कालो सूचीमा राखिने छ ।
५. कम्पनिले उपलव्ध गराउने जनशक्तीहरुको विमा अनिर्वाय गराएको हुनुपर्ने छ ।
६. प्रस्ताव पेश गर्ने स्थान राप्ती सोनारी गाउपालिकाको सूचना प्रविधि शाखा ।
७. प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७६ साल फाल्गुण २३ गते १२.०० वजे सम्म ।
८. प्रस्ताव खोल्ने सोही दिनको २.०० वजे
९. प्रस्तावहरुको पूर्ण वा आंसिक स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालय संग सूरक्षित रहने छ ।
१०.यदि फर्म वा कम्पनीले कवोल गरेको आर्थिक प्रस्ताव रकम वरावर भएमा तुरुन्तै ति प्रस्तावदाताहरुवाट ५ प्रतिशत धरौटी लिइ प्रक्रिया अगाडी वढाइने छ ।
११.अन्य कुरा प्रचलित कानून वमोजिम हुनेछ ।

नि.प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा
राप्ती सोनारी गाउँकार्यपालिकाको कार्यालयः कार्यालयको website मा upload गरिदिनुहुन ।

नि.प्रमुख प्रशासकीय अधिकृत